यो आकाशवाणी हो

प्रस्तुत छन् प्रमुख समाचार

- प्रधानमन्त्री मोदी र रूसका राष्ट्रपति पुतिनबीच फोनमा कुराकानी
- अमेरीक◌ी राष्ट्रपतिले भन्नुभयो, यूक्रेन◌ी राष्ट्रपतिले चाहे रूससितको युद्ध समाप्त गर्न सक्नुहुनेछ
- लोकसभाको कार्यवाही दिनभरिका लागि स्थगित
- राजधानीका केही विद्यालयहरूलाई बमको धमकी अनि
- अश्विनी वैष्णवले भन्नुभयो, भारत उत्पाद सञ्चालित राष्ट्र बन्ने दिशामा अग्रसर

अब समाचार विस्तारमा

- **PM-Putin talks**

प्रधानमन्त्री नरेन्द्र मोदी र रूसक◌ा राष्ट्रपति भ्लादिमीर पुतिनबीच आज फोनमा कुराकानी भयो। सोशल म◌िडियामा एउटा पोस्टम◌ा श्री मोदीले अलास्काम◌ा अमेरीकाक◌ा राष्ट्रपति डोनाल्ड ट्रम्पसित आफ्नो ह◌ाल◌ैको भेटको बारेम◌ा जानकारी साझा गरेकोमा राष्ट्रपति श्री पुतिनलाई धन्यवाद दिनुभयो। श्री मोदीले भन्नुभयो, भारतले यूक्रेन संघर्षक◌ो शान्तिपूर्ण समाधानक◌ो लगातार आह्वान गरिरहेछ। प्रधानमन्त्रीले भन्नुभयो, भारतले यस दिशाम◌ा गरिने सबै प्रयासको पनि समर्थन गर्दै आइरहेछ। श्री मोदीले आगामी दिनमा पनि राष्ट्रपति श्री पुतिनसित आफ्नो कुराकानी भइरहने आशा व्यक्त गर्नुभयो।

----------------------------------------X----------------------------------------

- **Trump-Zelensky meeting**

अमेरीकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले भन्नुभएको छ, यूक्रेनका राष्ट्रपति भोलोदिमीर जेलेन्स्कीले चाहेको खण्डमा रूससितको युद्ध समाप्त गर्न सक्नुहुनेछ। आज राती जेलेन्स्कीसितको भेटअघि उहाँको यो बयान आएको हो। श्री ट्रम्पले 2014-मा ओबामा प्रशासनअवधि क्रीमियामाथि रूसको कब्जाको पनि प्रसंग उठाउँदै यूक्रेनलाई उत्तरी अटलान्टिक सन्धि संगठन-नाटोमा शामेल गर्ने सम्भावनाको अस्विकार गर्नुभयो। श्री जेलेन्स्कीको आज राती शीर्ष यूरोपीय नेताहरूको एउटा समूहसित वाइट हाउसमा अमेरीकाका राष्ट्रपतिसित भेट गर्ने कार्यक्रम निर्धारित छ। यसैबीच यूक्रेनका राष्ट्रपतिले भन्नुभएको छ, रूसलाई उसको युद्धका लागि पुरस्कृत गरिनु हुँदैन।

----------------------------------------X----------------------------------------

- **LS Adjourn**

लोकसभाको कार्यवाही आज दिनभरिका लागि स्थगित गरियो। विभिन्न मुद्दामाथि विपक्षी दलहरूको हङ्गामापछि सदनको कार्यवाही स्थरगित गर्नुपऱ्यो। दोस्रो स्थगनपछि दिउँसो दुई बजी पुनः शुरू भएको सदनको कार्यवाहीमा लोकसभा अध्यक्ष ओम बिरलाले सम्पूर्ण सदनको तर्फबाट अन्तरिक्ष यात्री तथा भारतीय वायु सेनाका ग्रुप क्याप्टन शुभान्शु शुक्लालाई बधाई दिनुभयो। अध्यक्ष श्री बिरलाले भन्नुभयो.......

श्री बिरलाले भन्नुभयो, क्याप्टन शुक्लाले एक्सिओम मिशन चारअन्तर्गत अन्तरराष्ट्रिय अन्तरिक्ष स्टेशनको यात्रा गर्ने पहिलो भारतीय बनेर इतिहास रचेका छन्। यसपछि उहाँले सदनका सबै सदस्यहरूसित अन्तरराष्ट्रिय अन्तरिक्ष स्टेशनमा भारतका पहिलो अन्तरिक्ष यात्री क्याप्टन शुभान्शु शुक्लामाथि विशेष चर्चामा भाग लिने अपील गर्नुभयो। यसमा 2047-सम्ममा विकसित भारतका लागि अन्तरिक्ष कार्यक्रमको महत्त्वपूर्ण भूमिकामाथि ध्यान केन्द्रित गरियो। होहल्लाबीच विज्ञान तथा प्रौद्योगिकी मन्त्री डाक्टर जितेन्द्र सिंहले चर्चाको शुरुवात गर्नुभयो। चर्चामा बोल्दै डाक्टर सिंहले भन्नुभयो.......

यसअवधि पीठासीन अध्यक्ष दिलीप सैकियाले विरोध गरिरहेका सदस्यहरूसित घरी-घरी आफ्नो आशनमा फर्किने र यस विशेष चर्चामा भाग लिने अपील गर्नुभयो, तथापि विपक्षी सदस्यहरूले आफ्नो विरोध जारी राखे, जसपछि उहाँले सदनको कार्यवाही दिनभरिका लागि स्थगित गर्ने घोषण गर्नुभयो।

यसअघि, पहिलो स्थगनपछि दिउँसो बाह्र बजी शुरू भएको तल्लो सदनको कार्यवाहीमा वाणिज्य तथा उद्योग मन्त्री पीयूष गोयलले जन विश्वास (प्रावधानमा संशोधन) विधेयक, 2025 प्रस्तुत गर्नुभयो। यस विधेयकको उद्देश्य जीवन तथा व्यापारलाई सुगम बनाउन विश्वास आधारित शासनलाई अझ दह्रिलो बनाउनका लागि अपराधबाट मुक्ति दिलाउन तथा यसलाई तर्कसंगत बनाउन केही अधिनियममा संशोधन गर्नु हो। पछि यो विधेयक अघिल्लो जाँचका लागि सदनको प्रवर समितिलाई पठाउने प्रस्तावलाई स्विकृती दिइयो। समितिले आगामी सत्रको पहिलो दिनसम्म आफ्नो प्रतिवेदन दिनेछ। यसअवधि शिक्षा मन्त्री धर्मेन्द्र प्रधानले भारतीय प्रबन्धन संस्थान (संशोधन) विधेयक, 2025 प्रस्तुत गर्नुभयो। यस विधेयकले भारतीय प्रबन्धन संस्थान अधिनियम, 2017-मा अझ संशोधन गर्नेछ। यो विधेयक बिहारमा मतदाता सूचीमा विशेष गहन पुनरीक्षण (SIR)-को मामिलामा विरोध गरिरहेका विपक्षी सदस्यहरूको होहल्लाबीच प्रस्तुत गरियो।

--------------------------------------X--------------------------------------

- **Delhi- Bomb Threat**

राजधानीक◌ा क◌ेही विद्यालयहरूलाई आज बमको धमकी आयो। अग्निशमन विभागले आफू लगायत विद्यालयहरूलाई कुल बत्तीस कल र धमकीपूर्ण **E-**मेल आयो। धमकी आएपछि अग्निशमन विभागले तत्काल विद्यालय प◌ुगेर त्यहाँ तैनात पुलिसक◌ो सहायता गऱ्यो। अर्कातिर, धेरै विद्यालयहरूको आज विदा गरियो अनि माता-पिताहरूसित आफ्ना नानीहरूलाई घर लिएर जाने अनुरोध गरियो।

दिल्लीक◌ा उपप्रमुख अग्निशमन अधिकारी **AK** मलिकले य◌ी सबै धमक◌ी झूठ◌ो रहेको बताउनुभयो। उहाँले भन्नुभयो, य◌ी सबै कल बिहान सात बज◌ेर चौबीस मिनटदेखि आउन थालेका थिए।

--------------------------------------X--------------------------------------

- **Vaishnaw Chip**

इलेक्ट्रोनिक्स तथा सूचना प्रौद्योगिकी मन्त्री अश्विनी वैष्णवले भन्नुभएको छ, भारत उत्पाद सञ्चालित राष्ट्र बन्ने दिशामा अग्रसर छ। यसको मुख्य उद्देश्य भारतीय बौद्धिक सम्पदामाथि आधारित चिपसेट विकसित गर्नु हो। सोशल मिडियामा एउटा राष्ट्रिय दैनिकको लेख साझा गर्दै उहाँले सेमीकन्डक्टर अभियान, विशेष रूपमा डिजाइन लिंक्ड इन्सेन्टिव (DLI) योजनाको उल्लेख गर्नुभयो। यस योजनाको उद्देश्य चिप र डिजाइनको क्षेत्रको स्टार्टअप्सलाई प्राथमिकता दिनु हो।

यस लेखमा इन्टरनेट अफ थिंग्स (IOT) चिपसेट विकसित गर्ने एउटा स्टार्टअपको बारेमा बताइएको छ। स्टार्टअप DLI योजना र भारतीय प्रौद्योगिकी संस्थान मद्रासद्वारा समर्थित छ।

--------------------------------------X--------------------------------------

- **President Tribal Community**

राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा जनजातीय कार्य मन्त्रालयको आदि कर्मयोगी अभियानअन्तर्गत विभिन्न राज्यहरूको प्रतिनिधित्व गर्ने जनजातीय समूहका सदस्यहरूसित भेट गर्नुभयो। एउटा सोशल मिडिया पोस्टमा राष्ट्रपति श्रीमती मुर्मुले भन्नुभएको छ, जनजातीय समुदायहरूको सांस्कृतिक सम्पदा, उनीहरूको अमूल्य ज्ञान र रहन-सहनलाई संरक्षित गरिनुपर्छ। उहाँले जनजातीय समुदायहरूका लागि समर्थनको आह्वान गर्दै भन्नुभयो, पूर्ण आदर र सम्मानका साथ जनजातीय समुदायले देशको विकास यात्रामा सक्रिय भूमिका निभाउन सक्छन्।

--------------------------------------X--------------------------------------

- **VP Candidate**

महाराष्ट्रका राज्यपाल CP राधाकृष्णन उपराष्ट्रपति चुनाउका लागि राष्ट्रिय जनतान्त्रिक गठबंधनका प्रत्याशी हुनुहुनेछ। भारतीय जनता पार्टी अध्यक्ष जगत प्रकाश नड्डाले हिजो नयाँ दिल्लीको पार्टी मुख्यालयमा भाजपा संसदीय बोर्डको बैठकपछि यसको घोषणा गर्नुभयो। श्री नड्डाले भन्नुभयो, गठबन्धनका सबै सहयोगीहरूले यस निर्णयको समर्थन गरेका छन्। उहाँले भन्नुभयो, भाजपाको उद्देश्य सबै दलहरूसित समन्वय स्थापित गरेर उपराष्ट्रपति चुनाउ सर्वसम्मतिमा गर्नु हो। श्री नड्डाले भन्नुभयो, गत एक सप्ताहमा गठबन्धनका सहयोगीहरू र विपक्षी दलहरूसित यस सम्बन्धमा सम्पर्क गरिएको छ।

उपराष्ट्रपतिको चुनाउ नौं सितम्बरमा हुनेछ। श्री जगदीप धनखड़को राजीनामापछि यो चुनाउ भइरहेछ।

प्रधानमन्त्री नरेन्द्र मोदीले श्री CP राधाकृष्णनलाई उपराष्ट्रपति उम्मेदवार मनोनीत गर्ने राष्ट्रिय जनतान्त्रिक गठबंधनको फसेलाको स्वागत गर्नुभएको छ। श्री मोदीले एउटा सोशल मिडिया पोस्टनमा भन्नुभएको छ, श्री राधाकृष्णनले सार्वजनिक सेवाको लामो अवधिमा आफ्नो विनम्रता, बुद्धिमत्ता र

समर्पणबाट अलग पहिचान बनाउनुभएको छ। विभिन्न पदमा रहेर उहाँले संधै जनसेवा र समाजका वञ्चित वर्गको सशक्तिकरणको प्रयास गर्नुभयो। प्रधानमन्त्रीले श्री राधाकृष्णन एक सशक्त र प्रेरक उपराष्ट्रपति साबित हुने विश्वास जताउनुभएको छ।

--------------------------------------X--------------------------------------

## • Delhi-AIIMS Security

सुरक्षा व्यवस्था सुदृढ तथा दह्रिलो बनाउन अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स) दिल्लीले आफ्ना स्थायी सुरक्षा जवानहरूलाई झड़ोदा कलास्थित दिल्ली पुलिस अकादमीमा एक महिनाको विशेष पुलिस प्रशिक्षण गरायो। हाम्रा संवाददाताअनुसार छह अगस्तदेखि शुरू भएको पहिलो प्रशिक्षण टोलीमा तीसजना सुरक्षा जवान शामेल थिए, जसले सफलतापूर्वक प्रशिक्षण प्राप्त गरे।

--------------------------------------X--------------------------------------

## • NHRC-Punjab

राष्ट्रिय मानवाधिकार आयोगले पञ्जाबका पुलिस महानिदेशकलाई एउटा पत्रकारमाथि दुईजना पुलिस अधिकारीहरूको कथित आक्रमणको मामिलामा नोटिस जारी गरेको छ। आयोगले एउटा बयानमा आफूले यस आक्रमणको बारेमा समाचारमाथि स्वतः संज्ञान लिएको बताएको छ। यो कथित आक्रमण यसै महिनाको पहिलो तारिक राज्यको गुरदासपुर जिल्लामा भएको थियो। आयोगले पुलिस महानिदेशकसित दुई सप्ताहभित्र मामिलाको विस्तृत प्रतिवेदन मागेको छ।

--------------------------------------X--------------------------------------

## • China FM Visit

चीनका विदेश मन्त्री तथा चीनी कम्युनिस्ट पार्टीका पोलित ब्यूरो सदस्य वाङ यी दुई दिनको भारत यात्रामा आज नयाँ दिल्ली आइपुग्नुभयो। उहाँ राष्ट्रिय सुरक्षा सल्लाहकार अजीत डोभालको निमन्त्रणामा भारत आउनुभएको हो। यस अवधि चीनका विदेश मन्त्रीले भारतका विशेष प्रतिनिधि श्री अजीत डोभालसित भारत-चीन सीमा मुद्दामाथि विशेष प्रतिनिधिहरूको चौबीसौं चरणको वार्ता गर्नुहुनेछ। विदेश मन्त्री डाक्टर S जयशंकरले पनि आफ्ना चीनी समकक्षीसित द्विपक्षीय बैठक गर्नुहुनेछ।

--------------------------------------X--------------------------------------

अन्तमा प्रमुख समाचार पुनः एकपल्ट

- प्रधानमन्त्री मोदी र रूसका राष्ट्रपति पुतिनबीच फोनमा कुराकानी
- अमेरीकी राष्ट्रपतिले भन्नुभयो, यूक्रेनी राष्ट्रपतिले चाहे रूससितको युद्ध समाप्त गर्न सक्नुहुनेछ
- लोकसभाको कार्यवाही दिनभरिका लागि स्थगित
- राजधानीका केही विद्यालयहरूलाई बमको धमकी अनि
- अश्विनी वैष्णवले भन्नुभयो, भारत उत्पाद सञ्चालित राष्ट्र बन्ने दिशामा अग्रसर